# "कल्याणकारी कोषको रकम लगानी गर्ने सम्बन्धी कार्यप्रक्रिया, २०८२"

वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ५२क को उपदफा (२) मा भएको व्यवस्था अनुसार कल्याणकारी कोषको रकम लगानी गर्नका निमित्त बोर्डको निर्णय अनुसार गठित कल्याणकारी कोष व्यवस्थापन समितिले यो कार्यप्रक्रिया बनाएको छ।

## परिच्छेद -१

## प्रारम्भिक र परिभाषा

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यप्रक्रियाको नाम "कल्याणकारी कोषको रकम लगानी गर्ने सम्वन्धी कार्यप्रक्रिया, २०८२" रहेको छ ।

(२) यो कार्यप्रक्रिया स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यप्रक्रियामा;

(क) "मन्त्रालय" भन्नाले नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई सम्झनु पर्छ।

(ख) "वोर्ड" भन्नाले वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३८ बमोजिम गठित वैदेशिक रोजगार बोर्ड सम्झनु पर्छ।

(ग) "कल्याणकारी कोष" भन्नाले वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३२ मा व्यवस्था भए बमोजिमको कोष सम्झनु पर्छ।

(घ) "समिति" भन्नाले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको सचिवको संयोजकत्वमा गठित अनुसूची १ बमोजिमको कल्याणकारी कोष व्यवस्थापन समिति सम्झनु पर्छ।

(ङ) "कार्यकारी निर्देशक" भन्नाले वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४१ बमोजिम नियुक्त बोर्डको कार्यकारी निर्देशक सम्झनु पर्छ।

२०८२/१२/२०

डा. दिपक काफ्ले
सचिव

(च) "लगानी" भन्नाले कल्याणकारी कोषमा रहेको मौज्दात रकमलाई निक्षेपको रुपमा बैंकमा राख्ने, सरकारी ऋणपत्र, वचतपत्रमा गरिने लगानी सम्झनु पर्छ।

(छ) "बैंक" भन्नाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ४९ बमोजिमको कारोवार गर्न नेपाल राष्ट्र बैंकबाट ईजाजतपत्र प्राप्त "क" र "ख" वर्गको बैंक सम्झनु पर्छ।

(ज) "निक्षेप" भन्नाले निश्चत ब्याज प्राप्तिका लागि बैंकहरुमा राखिने बोर्डको लगानीयोग्य रकम सम्झनु पर्छ।

(झ) "सरकारी ऋणपत्र" भन्नाले निश्चत प्रतिफल प्राप्तिका लागि नेपाल सरकारद्वारा जारी गरिएको ऋणपत्र सम्झनु पर्छ। सो शब्दले डिबेन्चर समेतलाई जनाउनेछ।

(ञ) "सरकारी वचतपत्र" भन्नाले निश्चत प्रतिफल प्राप्तिका लागि नेपाल सरकारद्वारा जारी गरिएको वचतपत्र सम्झनु पर्छ।

(ट) "प्रस्तावित व्याजदर" भन्नाले बैंकहरुले बोर्डले आह्वान गरेको सूचना बमोजिम प्रस्ताव गरेको व्याजदर सम्झनु पर्छ।

(ढ) "अधिकतम व्याजदर" भन्नाले बैंकहरुले बोर्डले आह्वान गरेको सूचना बमोजिम प्रस्ताव गरेको मध्ये सबैभन्दा उच्च व्याजदरलाई सम्झनुपर्छ।

## परिच्छेद - २

## लगानीको नीतिगत आधार तथा लगानी योग्य उपकरणहरु

**३. लगानीको नीतिगत आधार:** कल्याणकारी कोषमा रहेको रकमलाई मूलतः प्रतिफल, सुरक्षा तथा तरलताको आधारमा निक्षेपको रुपमा बैंकमा राख्ने, सरकारी ऋणपत्र, वचतपत्रमा लगानी गरिनेछ।

**४. निक्षेप लगानी :** (१) कल्याणकारी कोषमा तरल अवस्थामा रहेको रकम प्रतिस्पर्धाको आधारमा समितिको निर्णय अनुसार निक्षेपको रुपमा बैंकमा लगानी गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम निक्षेप लगानी गर्दा एउटै बैंकमा कूल निक्षेपयोग्य रकमको १५ प्रतिशत सम्म लगानी गर्न सकिनेछ ।

२०८२/१२/२०
डा. दिपक काफ्ले
सचिव

**५. लगानीको लागि बैंकहरूको योग्यता तथा शर्तहरू:** (१) दफा ४ बमोजिम निक्षेप लगानी गर्दा बैंकहरूले देहायका योग्यता तथा शर्तहरू पुरा गरेको हुनुपर्नेछ;

(क) नेपाल राष्ट्र बैंकबाट "क" र "ख" वर्गको इजाजत प्राप्त गरेको हुनुपर्नेछ।

(ख) नेपाल राष्ट्र बैंकले तोकेको न्यूनतम पूँजीकोष पुगेको हुनुपर्नेछ।

(ग) निष्क्रिय कर्जा (NPA) कूल कर्जा सापटको ८ प्रतिशत भन्दाकम भएको हुनुपर्नेछ।

(घ) खुद तरल सम्पत्ति-स्वदेशी निक्षेपको २० प्रतिशत भन्दावढी हुनुपर्नेछ।

(ङ) विगत ३ (तीन) आर्थिक वर्षदेखि बैंक नाफामा गएको हुनुपर्नेछ।

(च) कर्जा, स्वदेशी निक्षेप र प्राथमिक पूँजीकोष अनुपात नेपाल राष्ट्र बैंकले तोकिदिए बमोजिम हुनुपर्नेछ।

(छ) नेपाल राष्ट्र बैंकबाट शीघ्र सुधारात्मक कारवाहीमा परेको हुनु हुँदैन र परेको भए फुकुवा भएको १ वर्ष पुरा भएको हुनुपर्नेछ।

(ज) नेपाल राष्ट्र बैंकबाट समस्याग्रस्त बैंक घोषणा भएको हुनु हुँदैन।

(२) उपदफा (१) बमोजिम योग्यता तथा शर्तहरु पुरा भएको व्यहोरा बैंकहरुले स्वःघोषणा गर्नुपर्नेछ।

(३) उपदफा (१) मा उल्लेखित योग्यता तथा शर्तहरु बाहेकका अन्य विषयहरु समितिले निर्णय गरे बमोजिम हुनेछ।

**६. सरकारी ऋणपत्र तथा बचतपत्रमा लगानी:** (१) बोर्डले नेपाल सरकार वा नेपाल राष्ट्र बैंकद्वारा जारी गरिएका विकास ऋणपत्र, ट्रेजरी बिल, डिबेन्चर, नागरिक बचतपत्र वा वैदेशिक रोजगार बचतपत्रमा लगानी गर्न सक्नेछ।

(२) यस्तो लगानी गर्दा राष्ट्र बैंकले तोकेको प्रक्रिया र बोलकबोल (Bidding) मा सहभागी हुन वा सोझै खरिद प्रकृयामा जान कल्याणकारी कोष व्यवस्थापन समितिको निर्णय बमोजिम मात्र लगानी गरिनेछ।

२०८२।१२।२०

डा. दिपक काफ्ले
सचिव

परिच्छेद - ३

## निक्षेप गर्ने प्रक्रियागत व्यवस्था

६. स्वीकृत लिनुपर्ने:-कल्याणकारी कोषको लगानी योग्य रकम लगानी गर्नुपर्दा लगानी गर्ने प्रक्रिया थाल्नु पूर्व कल्याणकारी कोष व्यवस्थापन समितिवाट स्वीकृति लिएर मुद्दती निक्षेप/कल डिपोजिटमा जम्मा गरिनेछ ।

७. सोझै दरभाउ पत्र लिने वा सूचना प्रकाशित गर्ने: कल्याणकारी कोषमा रहेको रकम सोझै दरभाउ पत्र लिएर वा सूचना प्रकाशित गरेर मुद्दती निक्षेप/कल खातामा राख्न सकिनेछ ।

८. शिलबन्दी दरभाउ पत्र पेश गर्नुपर्ने: (१) निक्षेप राख्न योग्य कल्याणकारी कोषको रकम निक्षेप लिनको लागि बैंकहरुले शिलवन्दी दरभाउपत्र पेश गर्नुपर्नेछ ।

(२) कम्तिमा ३ वटा बैंकहरुबाट अनुसूची १ बमोजिमको दरभाउपत्र लिएको हुनुपर्नेछ ।

(३) शिलबन्दी दरभाउपत्र तोकिएको मितिमा खोलिने छ ।

(४) प्राप्त दरभाउपत्र मध्ये मुल्याङनमा अधिकतम अंक प्राप्त गर्ने बैंकहरुमा निक्षेप राखिनेछ ।

(५) कूल निक्षेप योग्य रकमको बढीमा १५ प्रतिशत मात्र एक बैंकको निक्षेपमा राख्न सकिनेछ

(६) दरभाउपत्र मूल्याङ्कन गर्दा बैंकहरुको समान अंक हुन आएमा कल्याणकारी कोष व्यवस्थापन समितिले निर्णय गरे बमोजिम हुनेछ ।

परिच्छेद-४

## दरभाउपत्र मूल्याङ्कन सम्बन्धी व्यवस्था

९. मूल्याङ्कनका भार: निक्षेप लगानीका लागि प्राप्त दरभाउपत्रहरुको मूल्याङ्कनको भार देहाय बमोजिम हुनेछ।

| क.सं. | विवरण | स्वीकृत भार | भारको कारण |
|---|---|---|---|
| १ | व्याज दर (Interest Rate) | ९० | लगानीको प्रमुख आधार भएकाले |

२०८२/१२/२० डा. दिपक काफ्ले सचिव

| | | | |
|---|---|---|---|
| २ | निष्क्रिय कर्जाको अनुपात (Non Performing Assets NPA) | ५ | NPA ले लगानीको जोखिम पहिचान हुने भएकाले |
| ३ | खुद तरल सम्पति (Net Liquidity NLP) | ५ | अवधिभित्रै फिर्ता लिन |

(अ) व्याजदर वापतको अंक गणना गर्दा प्रस्तावित व्याजदर मध्ये सवैभन्दा अधिकतम व्याजदर प्रस्ताव गर्नेको लागि ९० अंक कायम गरी देहाय वमोजिमको विधिवाट गरिनेछ :-

व्याजदरको अंक = $\frac{\text{प्रस्तावित व्याजदर}}{\text{प्रस्ताव भएका मध्यको अधिकतम व्याजदर}} \times ९०$

(आ) निस्क्रिय कर्जाको स्तर (Non-Performing Assets: NPA) का लागि ५ अंक

(१) १% भन्दा कम निस्क्रिय कर्जा भएका वैङ्कको लागि ५ अङ्क ।

(२) १.०१% देखि ५ सम्म निस्क्रिय कर्जा भएका वैङ्कको लागि ४.५ अङ्क।

(३) ५.०१% देखि ७% सम्म निस्क्रिय कर्जा भएका वैङ्कको लागि ४ अङ्क।

(४) ७.०१% देखि ८% सम्म निस्क्रिय कर्जा भएका वैङ्कको लागि ३.५ अङ्क।

(इ) खुद तरल सम्पत्ति (Net Liquidity-NLP) का लागि ५ अंक:

(१) कूल निक्षेपको २०.०१ देखि २२% सम्म तरलता भएको वैंङ्कको लागि १ अंक ।

(२) कूल निक्षेपको २२.०१ भन्दा माथि २४% सम्म तरलता भएको वैंङ्कको लागि २ अंक।

(३) कूल निक्षेपको २४.०१ भन्दा माथि २६% सम्म तरलता भएको वैंङ्कको लागि ३ अंक ।

(४) कूल निक्षेपको २६.०१ भन्दा माथि २८% सम्म तरलता भएको वैंङ्कको लागि ४ अंक।

(५) कूल निक्षेपको २८% भन्दा माथि तरलता भएको वैंङ्कको लागि ५ अंक ।

(ई) पूँजिकोष अनुपात (Capital Adequacy Ratio - CAR) का लागि ५ अंक

(१) ११ % भन्दा माथि १२% सम्म पूँजिकोष भएको वैङ्कको लागि १ अङ्क

(२) १२% भन्दा माथि १३% सम्म पूँजिकोष भएको वैङ्कको लागि २ अङ्क

२०८२।१२।२०

डा. दिपक काफ्ले
सचिव

(३) १३% भन्दा माथि १४% सम्म पूँजिकोष भएको बैङ्कको लागि ३ अङ्क

(४) १४% भन्दा माथि १५% सम्म पूँजिकोष भएको बैङ्कको लागि ४ अङ्क

(५) १५% मन्दा माथि पूँजिकोष भएको बैङ्कको लागि ५ अङ्क

(उ) खुद सम्पत्ति (Net Worth) का लागि ५ अंश (Total assets - Current Liabilities)

(१) ८ अर्वदेखि ९ अर्व Net worth भएको बैङ्कको लागि १ अंक

(२) ९ अर्वभन्दा माथि १० अर्व Net worth भएको बैङ्कको लागि २ अंक

(३) १० अर्वभन्दा माथि ११ अर्व Net worth भएको बैङ्कको लागि ३ अंक

(४) ११ अर्वभन्दा माथि १२ अर्व Net worth भएको बैङ्कको लागि ४ अंक

(५) १२ अर्वभन्दा माथि Net worth भएको बैङ्कको लागि ५ अंक

## परिच्छेद - ५

## कोष व्यवस्थापन, अनुगमन तथा जोखिम व्यवस्थापन

<u>१०. कल्याणकारी कोष व्यवस्थापन समितिः</u> (१) कल्याणकारी कोषको रकम लगानीको लागि ~~सिफारिस~~ वैदेशिक रोजगार वोर्डको सचिवालयलाई सिफारिस गर्न एक कल्याणकारी कोष व्यवस्थापन समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको कल्याणकारी कोष व्यवस्थापन समितिमा देहायका संयोजक र सदस्यहरु रहनेछन;

| | |
|---|---|
| १) सचिव, श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | संयोजक |
| २) महानिर्देशक, वैदेशिक रोजगार विभाग | सदस्य |
| ३) निर्देशक,नेपाल राष्ट्र बैङ्क | सदस्य |
| ४) अध्यक्ष, वैदेशिक रोजगार व्यवसायी संघ | सदस्य |
| ५) कार्यकारी निर्देशक, वैदेशिक रोजगार वोर्डको सचिवालय | सदस्य सचिव |

डा. दिपक काफ्ले
सचिव

<u>११. कल्याणकारी कोष व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः</u> (१) बैदेशिक रोजगार नियमावली २०६४ को नियम ३२ बमोजिम सामाजिक सुरक्षा तथा कल्याणका लागि बोर्ड मातहत रहने गरी कल्याणकारी कोषको रकम लगानी गर्न यस कार्यप्रक्रियाको अधिनमा रही कल्याणकारी कोषको व्यस्थापन गर्न यस समितिले निर्णय गर्नेछ । सोही निर्णयको कार्यन्वयन गर्ने दायित्व बैदेशिक रोजगार बोर्डको सचिवालयको हुनेछ ।

(२) कल्याणकारी कोष व्यवस्थापन समितिले अनुसुची ३ मा रहेको [illegible] दरभाउपत्रको मूल्याङ्कन तथा प्रतिवेदन पेश गर्ने गरी मूल्याङ्कन उपसमिति गठन गरी जिम्मेवारी तोक्न सक्नेछ ।

## परिच्छेद - ६

## विविध

<u>१२. सम्झौता गर्नेः</u> यो कार्यप्रक्रिया बमोजिम लगानी गर्दा बोर्ड र सम्बन्धित संस्थावीच लगानीको अवधि, प्रतिफल र फिर्ता हुने प्रक्रिया स्पष्ट खुलाई द्विपक्षीय सम्झौता गर्नुपर्नेछ।

<u>१३. सूचनाको हक र पारदर्शिताः</u> वोर्डले हरेक त्रैमासिक रूपमा लगानीको अवस्था, प्राप्त ब्याज/लाभांश र लगानी गरिएका संस्थाहरूको विवरण आफ्नो वेवसाइट मार्फत सार्वजनिक गर्नुपर्नेछ।

<u>१४. निर्देशन दिनेः</u> मन्त्रालयले कोषको रकम लगानीको सुरक्षा र उचित परिचालनका लागि सचिवालयलाई समय-समयमा राय सल्लाह तथा निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सचिवालयको कर्तव्य हुनेछ। साथै सचिवालयले निर्देशनको पालनामा आवश्यक ठानेमा बोर्ड बैठक मार्फत निर्णय लिन सक्नेछ ।

<u>१५. बाधा अड्काउ फुकाउने अधिकारः</u> यस कार्यप्रक्रियाको उद्देश्य कार्यान्वयनमा कुनै वाधा अड्काउ परेमा मन्त्रालयले आवश्यक निर्णय गर्न सक्नेछ।

<u>१६. असल नियतले गरेको काममा बचाउः</u> यस कार्यप्रक्रियाले दिएको अधिकारको प्रयोग असल नियतले गरेकोमा कुनैपनि सरकारी कर्मचारी वा पदाधिकारी व्यक्तिगत रुपले उत्तरदायी हुनु पर्नेछैन।

<u>१७. खारेजी र बचाउः</u> (१) कल्याणकारी कोषको रकम (वाणिज्य बैंकमा) निक्षेप लगानी गर्ने सम्वन्धी कार्यविधि, २०७५ खारेज गरिएको छ।

(२) कल्याणकारी कोषको रकम (वाणिज्य बैंकमा) निक्षेप लगानी गर्ने सम्वन्धी कार्यविधि, २०७५ अन्तर्गत भएका काम कारवाही यसै कार्यप्रक्रिया अन्तरगत भए गरेको मानिनेछ।

डा. दिपक काफ्ले
सचिव

अनुसूची १

(नियम ८ को उपनियम २ को प्रयोजनार्थ)

निक्षेपको लागि दरभाउ पत्र पेश गर्ने फारामको नमुना

मिति:..................

श्री कार्यकारी निर्देशक ज्यू,
बैदेशिक रोजगार बोर्डको सचिवालय
काठमाण्डौ ।

विषय: सिलबन्दी दरभाउ पत्र सम्बन्धमा ।

वैदेशिक रोजगार बोर्डको कल्याणकारी कोषमा रहेको रकम बैंकहरुमा १ वर्षे मुद्दती निक्षेपमा लगानी गर्ने सम्वन्धमा मिति............. मा सुचना प्रकाशित भए बमोजिम सुचनामा उल्लेख भएका सबै शर्तहरु पुरा गरि दरभाउ पत्रमा सहभागी हुन योग्य भएको घोषणा गर्दै यो दरभाउ पत्र पेश गरेका छौ ।

| सि.नं. | बैङ्कको नाम र ठेगाना | निक्षेप लिन चाहेको रकम रु. | | प्रस्तावित ब्याजदर (प्रतिशत) | | ब्याजदर प्रदान गरिने अवधि |
|---|---|---|---|---|---|---|
| | | न्यूनतम | अधिकतम | अङ्कमा | अक्षरमा | |
| १ | | | | | | |

यस...........को..........साल......महिनाको वित्तीय सूचकाँक यस प्रकार रहेको छ।

| क्र.सं. | विवरण | इकाई | वित्तीय सुचाकांक |
|---|---|---|---|
| १ | निष्क्रिय कर्जा (NPA): | प्रतिशत | |
| २ | खुद तरल सम्पत्ति स्वदेशी निक्षेप : | प्रतिशत | |
| ३ | पूँजी कोष अनुपात | प्रतिशत | |
| ४ | खुद सम्पत्ति (Net worth) | रकम रु | |
| ५ | चुक्ता पूँजी | रकम रु | |
| ६ | संस्थागत निक्षेप कूल निक्षेप अनुपातमा प्रतिशत | प्रतिशत | |
| ७ | खुद सञ्चालन मुनाफा | रकम रु | |
| ८ | जम्मा निक्षेप रकम<br>(क) संस्थागत ..........<br>(ख) व्यक्तिगत......... | रकम रु | |

डा. दिपक काफ्ले
सचिव

नोटः १. सम्पूर्ण विवरण नभरी प्राप्त भएको दरभाउपत्र मूल्याङ्कन प्रक्रियामा समावेश गरिने छैन ।

२. माथि उल्लेखित सम्पूर्ण वित्तीय सुचकांकहरु मध्ये मूल्याङ्कन प्रयोजनका लागि तोकिएका सुचकांकहरु मात्र प्रयोग गरिने छ ।

३. दरभाउपत्रको मान्य अवधि तीस दिनसम्म रहनेछ । सो भन्दा घटी अवधि भएको वा कुनै शर्त राखिएको दरभाउपत्र मान्य हुनेछैन ।

४. कुनै पनि बैङ्कमा लगानी गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कल्याणकारी कोष व्यवस्थापन समितिमा रहनेछ ।

बैङ्कको आधिकारिक पदाधिकारीको

| | |
|---|---|
| दस्तखत | बैङ्कको नामः |
| नामः | बैङ्कको ठेगानाः |
| पदः | बैङ्कको छापः |

सम्पर्क मोबाईल नम्बरः

ईमेलः

मितिः

२०८२ ११ २०

डा. दिपक काफ्ले
सचिव

## अनुसूची ३

## (नियम ११ को उपनियम २ को प्रयोजनार्थ)

## सिलवन्दी दरभाउपत्र मूल्याङ्कन उपसमिति

| | | |
|---|---|---|
| १. कार्यकारी निर्देशक- | वैदेशिक रोजगार बोर्डको सचिवालय - | संयोजक |
| २. निर्देशक - | नेपाल राष्ट्र बैंक | सदस्य |
| ३. आर्थिक प्रशासन प्रमुख,- | श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | सदस्य |
| ४. उपसचिव, - | कल्याण, पुनस्थापना पुन:एकीकरण तथा सञ्चार शाखा, वैदेशिक रोजगार बोर्डको सचिवालय | सदस्य |
| ५. आर्थिक प्रशासन प्रमुख, - | वैदेशिक रोजगार बोर्डको संचिवालय | सदस्य सचिव |

डा. दिपक काफ्ले
सचिव